**Humanities and Social Sciences Journal**
2023; Volume 15, Numbers 1-2 : 232-247
https://rrlc.tu.edu.np

doi: https://doi.org/10.3126/hssj.v15i1-2.63795
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project Management
Committee (RMC), Kathmandu, Nepal

# रमेश विकलका बालनाटकमा नीतिचेतना

**छायादत्त न्यौपाने 'बगर' पिएचडी**
**शिक्षण सहायक, नेपाली विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि.**
**इमेलः** cdnyaupane@gmail.com

**Received**: September 12, 2023; **Accepted**: November 24, 2023; **Published**: November 30, 2023

**सारसङ्क्षेप**

प्रस्तुत लेखको शीर्षक रमेश विकलका बालनाटकमा नीतिचेतना रहेको छ । रमेश विकल नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । उनले नेपाली साहित्यका विविध विधामा उच्च योगदान गरेका छन् । उनले नेपाली बालसाहित्यका खास गरी कथा र नाटकका क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका छन् । उनको 'सात थुँगा' बालएकाङ्की सङ्ग्रह अहिलेसम्मको तथ्याङ्कअनुसार बालनाटकको इतिहासमै पहिलो पुस्तकाकार कृति हो । यिनको विषय चयन, पात्रको छनोट, परिवेश, संवादको संयोजन के कस्तो छ ? यो समस्याको समाधान खोजी गरी प्राज्ञिक निष्कर्ष निकाल्नु यस लेखको उद्देश्य रहेको छ । विवेच्य विषयको मुख्य सामग्री बालनाटककार रमेश विकलका ३ ओटा बालएकाङ्की सङ्ग्रहहरूमा सङ्कलित १९ ओटा एकाङ्कीहरू रहेका छन् । यीमध्ये कुन-कुनमा करुण-चेतना, समता, उत्साह र कर्तव्य चेतनाको सम्प्रेषण के कसरी भएको छ त्यसको अध्ययन गरी विशेषता बताउनु यसको औचित्य हो । द्वितीयक सामग्रीका रूपमा बालनाटक र नेपाली बालनाटकको परिचय तथा विकाससम्बन्धी सूचना दिने ग्रन्थहरूको उपयोग गरिएको छ । नीतिचेतनासम्बन्धी सङ्क्षिप्तमा तयार गरिएको मानकअनुसार नाटकहरूको विश्लेषण गरी प्राज्ञिक निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** : सहिष्णु, प्रकटीकरण, खोजीनिति, बालश्रम, मातृवात्सल्य

## विषयपरिचय

संस्कृत काव्यशास्त्रअनुसार काव्यका श्रव्य र दृश्य दुई भेदमध्ये नाटक दृश्य विधा हो । नाटक अभिनयकलाबाट विषय प्रस्तुति हुने साहित्यिक अभिव्यक्तिको रूपमा चिनिन्छ । बालनाटक भनेको बालजीवन अनुकूलको सरल प्रस्तुति हो । नाटकको कथावस्तुमा वर्णित पात्रहरूको स्वरूप अभिनयकर्तामा आरोपित गरिने हुँदा दृश्य काव्यअन्तर्गतको जेठो विधा रूपककै विकसित रूप नाटक हो (प्रसाद.पृ.१२५)। उपयुक्त

मञ्चव्यवस्थासहितको अभिनयात्मक अभिव्यक्ति नाटक विधाको बालसंस्करणलाई बालनाटक मान्नु उपयुक्त हुन्छ ।

कुनै खास उमेर समूहका बालकलाई पाठकका रूपमा लक्षित गरी रचिने त्यस्तो साहित्यिक अभिव्यक्तिलाई बालनाटक भनिन्छ जसमा जीवनजगत्सम्बन्धी विषयलाई रङ्गमञ्चमा अभिनय गरेर प्रस्तुत गर्न सकिने गरी निश्चित पात्रका संवाद मनोवाद मार्फत अङ्क दृश्यको योजनासमेत मिलाई व्यक्त गरिएको हुन्छ । बालबालिकाको समस्यामा उनीहरूलाई चरित्रको जिम्मेवारी दिने गरी तयार पारिएको संवाद तथा अभिनयसमेतको मञ्चविन्यास भएको रचनालाई बालनाटक भनिन्छ । विकलका बालनाटकमा बालजीवनले खेपिरहेका चुनौती स्वयं बालपात्रकै सक्रियतामा समाधान खोजिएको छ ।

साहित्यको पाठ्य, श्रव्य र दृश्य विधा नाटक विषयको आयामका आधारमा एकाङ्की र पूर्णाङ्की गरी दुई भेद रहेको पाइन्छ । एकाङ्कीमा जीवनमा घटित घटनाको खास क्षण चित्रण गरिन्छ भने पूर्णाङ्कीमा जीवनको समग्रता अटाउँछ । नेपाली बालनाटकमा पूर्णाङ्की नाटकको अभाव रहेको छ । बालकको उमेर अनुसार पूर्णाङ्की नाटकको विषय ग्रहण गर्ने र लामो समय धैर्य गरेर हेरिरहन पनि सहज नहुने हुँदा बालनाटकमा पूर्णाङ्की नाटकको आवश्यकता महसुस नगरिएको हुन सक्छ । एकाङ्कीकै विषयमा आवश्यक फरक प्रसङ्गका लागि दृश्य विभाजन गरेको पाइन्छ । नेपाली बालनाटकको संरचनागत आयाम कतिपयमा एकै दृश्य रहेको पाइन्छ भने केही नाटक सोह्र दृश्यसम्म फैलिएका पनि छन् । नेपाली बालनाटक सामाजिक जीवनसम्बन्धी विषयवस्तु र तदनुकूल, पात्र, परिवेश आदिको संयोजनमा रचिएको पाइन्छ ।'२००७ मा रेडियो नेपालको स्थापना भएपछि नाटककार श्यामदास वैष्णवले 'ए भात् चाँडो पाक्' (२००८) निर्देशन गरेका हुन्' (भट्टराई,२०७४, पृ.२१) । नेपाली बालनाटकको विकासमा विद्यालयहरूको वार्षिकोत्सव, अभिभावक दिवस आदिमा नाटक मञ्चन र रेडियो तथा टेलिभिजनबाट भएका प्रसारणले विशेष योगदान पुऱ्याएको देखिन्छ ।

नेपालमा बालसाहित्यको विकासमा काम न्यून रहेको अवस्था हो । विधागत खोज-अध्ययनप्रति पनि समालोचकहरूको चासो खासै देखिँदैन । बालनाटकमा त झन् काम भएकै देखिँदैन । बालसाहित्यको समालोचना र इतिहास लेखन पछाडि परेको सन्दर्भमा रमेश विकलका 'बालनाटकमा नीतिचेता'को अध्ययन औचित्यपूर्ण रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेख रमेश विकलका बालनाटकमा अभिव्यक्त नीतिचेतना अन्तर्गत करुण-चेतना, समता, उत्साह र कर्तव्य चेतनाको अध्ययनमा केन्द्रित छ । यसका लागि आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ । मुख्य सामग्रीका रूपमा रमेश विकलका बालनाटकहरू रहेका छन् । नीतिचेतना सम्बन्धी अन्य सामग्रीमा चाणक्य नीति, विदुरनीति, शुक्रनीति, हितोपदेश मित्रलाभ, पञ्चतन्त्रका कथा, नाटकका सैद्धान्तिक सामग्रीहरू द्वितीय स्रोतका रूपमा रहेका छन् ।

## विश्लेषणको सैद्धान्तिक आधार

जीवनजगत्का विविध गतिविधिसँग जोडिएका हरेक पाटाको आ-आफ्नै परिचय र परिभाषा हुन्छ । नीतिचेतनाको पनि आफ्नै परिचय र परिभाषा प्रचलनमा रहेको पाइन्छ । यहाँ विभिन्न समयमा गरिँदै

आएका अध्ययनको क्रममा प्राप्त केही परिभाषाका आधारमा नीति शब्द अर्थ्याइएको छ । 'नीति' शब्दको शाब्दिक अर्थ नीयते अनेन इति नीति अर्थात् व्यवस्थित तरिकाले अगाडि लैजानु वा सत्मार्गमा प्रवेश गर्नु/गराउनु भन्ने हुन्छ । नीति 'णीञ् प्रापणे' धातुमा क्तिन् प्रत्ययको योगबाट निर्माण भएको संस्कृत शब्द हो (मिश्र, सन् २००२, पृ.१९९) । 'नीति' शब्दले मानव जातिलाई गतिशील भई अगाडि बढ्न उचित मार्ग प्रदर्शन गरी सत्मार्गतर्फ अभिप्रेरित गर्दछ (भट्ट, सन् १९७१-७२ पृ.१२) । मानव समाजमा विभिन्न जात-जाति, भाषा-भाषी र विभिन्न वर्गको बसोबास रहेको हुन्छ । सामाजिक प्राणी भएकाले मानव निजी सुख-सुविधाप्रति बढी आकर्षित हुन्छ । आफू र आफ्नाका लागि काम गर्न रुचाउने मान्छेले अरू प्राणी र प्रकृति जगत्को अहित हुने गरी मनमानी नगरोस् भन्ने उद्देश्यले निश्चित सामाजिक मूल्यका आधारमा प्राणीहरू संरक्षित रहने गरी नीतिको व्यवस्था गरिएको हुन्छ । नीतिले समाजमा रहेका मानव तथा प्रकृति जगत्को संरक्षण प्रवर्धनका लागि आवश्यक नियम परिपालना गर्ने/गराउने थिति कायम गर्छ । प्रकृति र प्राणीजगत् सुरक्षित रहन सकुन् भनेर लगाइएको नैतिक अङ्कुश नै नीतिका रूपमा विकसित भएको हो (पोद्दार, २०५२, पृ.४३) । पछिल्लो समयमा यसले सामाजिक मर्यादासँग जोडिएर कानुनी हैसियत प्राप्त गरेको देखिन्छ । प्राचीन समयका र*ामायण, महाभारत, मनुस्मृति, गीता, विदुरनीति, पञ्चतन्त्र, हितोपदेश मित्रलाभ*का कथाजस्ता धार्मिक र नीतिपरक ग्रन्थहरूमा प्रयोग हुँदै आएको नीति शब्दले समाजलाई स्वस्थ एवम् सन्तुलित बाटामा डोऱ्याउने व्यक्तिको धर्म, कर्म, सामाजिक न्यायिक रीति प्राप्त गर्ने व्यवहारप्रिय लक्ष्य राख्दछ । नीतिचेतनाको अगुवाइमा समाज सुव्यवस्थित र गतिशील बन्दै आएको देखिन्छ ।

मानिसमा बौद्धिक चेतनाको विकाससँगै विज्ञान तथा प्रविधिको पनि विकास भयो जसले मानिसलाई आ-आफ्नो कला-कौशल, सीप र क्षमता देखाउने अवसर दियो । 'सत्कर्म' जुन समाजको 'शुभ'को लागि गरिन्छ त्यो नै कर्तव्य ठानियो । यसरी अघि बढ्दै गएको समाजमा वैयक्तिक नीतिको निर्माण भयो जुन सामाजिक जीवनको पनि अंश मानिन्छ । कुनै वर्ग, समुदायले अपनाउँदै आएका रीतिथितिको पनि विश्लेषण तथा विरोध हुन थाल्यो । त्यसपछि बुद्धिमा आधारित नैतिक सिद्धान्तको खोजी भएको हो । वर्ग नीतिबाट विस्तारै विस्तारै वैयक्तिक नीतिको विकास भएको हो । एक व्यक्तिको नैतिक जीवन 'अनुकरण' र 'निर्देशन'मा आधारित रीति-रिवाजको प्रक्रियाद्वारा आरम्भ भई स्वतन्त्र वैयक्तिक नीतिका रूपमा विकसित हुने गर्छ । (सिन्हा, सन् १९९८, पृ.३९-४०) । यी तथ्यबाट हेर्दा समाजलाई जीवनसापेक्षा गति प्रदान गर्ने विषयमा वैयक्तिक सक्रियता पनि विशेष उपयोगी र नीतिचेतना मर्यादा स्थापित गर्ने पद्धतिका रूपमा विकसित भएको देखिन्छ ।

पूर्वीय दर्शनका महत्त्वपूर्ण ग्रन्थ *चाणक्य नीति, विदुर नीति* तथा *शुक्र नीति*हरूमा सुसंस्कृत समाजको निर्माण तथा आदर्श जीवनयापनका लागि आवश्यक व्यवहारोपयोगी सन्देशहरू सदाचारयुक्त मानवीय आदर्शको महिमा गान गरिएको पाइन्छ । यसले सबैका लागि अनुकरणीय चरित्रनिर्माणमा सघाउँछ । मानव मूल्यअनुकूल आचरण सिकाउने परिपक्व ज्ञान र त्यसबाट प्रस्फुटित व्यवहार नीतिचेतना हो । यसले समस्त प्राणीहित अनुकूल आदर्श आचरणयुक्त व्यावहारिक सन्देश सम्प्रेषण गर्छ । यहाँ जे.एन.सिन्हाको *नीति शास्त्र* (सन्१९९८), *मदनप्रसाद अर्यालको नीति* (२०६९), *हनुमानप्रसाद पोद्दारको विदुर नीति* (सन् २०११), *बालसूक्तिसङ्ग्रह* (२०६४ ) *कल्याण नीतिसार* (सन् २००२), *तिलकप्रसाद लुइटेल र हेमराज*

*अधिकारीको चाणक्य नीति* (अनु.२०७७), *हितोपदेश मित्रलाभ, पञ्चतन्त्र*जस्ता ग्रन्थका आधारमा नैतिक चरित्रवान् नागरिकले पालना गर्नुपर्ने नियमित जीवनको व्यवहारजन्य अनुसरणीय भावनाले अनुप्राणित भई रमेश विकलका बालनाटकको अध्ययन गरिएको छ ।

**रमेश विकलका बालनाटकमा करुण-चेतना**

करुण शब्दले दया, माया, सद्भाव, सहयोग अर्थ बताउँछ । यसले मनको कोमल अर्थ सहृदयी संवेदनायुक्त उपकारी भावना द्योतन गर्छ । अप्ठ्यारोमा परेका प्राणीलाई दयामायापूर्वक गरिने सहयोगी भूमिका करुण मानिन्छ । यहाँ रमेश विकलका सिद्धार्थको 'करुणा', 'नदेखिने दान', 'अब तिमी नरोऊ किरण', 'आमा ! मेरी आमा', 'राजा हिमवन्तको निसाफ' जस्ता बालनाटकहरूमा अन्तर्घुलित करुण-चेतनाको विश्लेषण गरिएको छ ।

रमेश विकलका बालनाटकमा करुण-चेतना पाइन्छ । गरिब, दुःखी, बिरामीप्रतिको सद्भावपूर्ण सहयोगी व्यवहारमा करुणभावको प्रकटीकरण भएको देखिन्छ । यसले बाल वृद्ध, अशक्त प्राणीहरूप्रति दया, मायाले गरिने सेवाजन्य सदाशयी परोपकारी व्यवहारको अपेक्षा गर्छ । विकलका बालनाटकमा प्राणीबिचको आपसी कल्याणकारी चेतना विस्तारमा करुणभाव अभिव्यक्त भएको भेटिन्छ । नेपाली बृहत् शब्दकोशमा उल्लेख भए अनुसार 'अर्काको दुःख मर्का देखेर सत्यनिष्ठाले दुखी हुने करुणमय दया,माया प्रकट गरिने व्यवहारलाई करुणा' मानिएको पाइन्छ (पोखरेल र अरू, २०४०, पृ.२०५) । परिस्थितिअनुसार अरूको दुःखमा एकाकार भएर आश्वस्त पार्नु धैर्य गर्न ढाडस दिनु पनि करुणामय भाव अभिव्यक्तिको अवस्था हो । यसबाट सद्भावयुक्त चेतना र सहयोगी व्यवहार भन्ने बुझिन आउँछ । आप्टेको संस्कृत-हिन्दी कोशअनुसार करुणाको अर्थ 'अनुकम्पा दया स्नेहयुक्त संवेदनशील भावाभिव्यक्ति' मानिएको छ (आप्टे, सन् १९६९,पृ.२५०) । सद्भावयुक्त आत्मीय जीवनमा करुणाको प्रभाव देखिन्छ । करुणाले प्राणीहरूको आपसी मेलमा दुखी भएका प्राणीप्रति सहानुभूतिको प्रकटीकरण पाइन्छ । मानिस एकले अर्काको संवेदनशीलताप्रति आत्मीय शैलीले सान्निध्य व्यक्त गरेको पाइन्छ । 'मानवीय सद्गुण, सत्कार्य, सहिष्णु, सद्व्यवहार चरित्र निर्माण हेतु कारुणिक सद्वाणी र सदाचारी चेतना आवश्यक हुन्छ' (शर्मा, सन्२००२, पृ.२२३) । करुणा र मूल्य शिक्षाले आत्मीय जीवनपद्धति विकासमा सघाउँछ । बाल्यकाल अनुकार्य प्रिय जीवनखण्ड भएकाले असल बानीव्यवहारको विकासका लागि नाटकीय प्रस्तुति पनि महत्त्वपूर्ण मानिन्छ । बालव्यवहारमा करुणामय समन्वयकारी भूमिका निर्वाह गर्न बालनाटक उपयुक्त माध्यम बनेको पाइन्छ । सामाजिक मर्यादा काइदाकानुन अनुरूप व्यवस्थित जीवन सञ्चालनमा विभिन्न शास्त्रीय विषयहरूले निर्देश गर्दै आएको कारुणिक भाव विकलका बालनाटकमा अभिव्यक्त भएको पाइन्छ ।

'शम्भुदाइ निर्दोष छ' रमेश विकलको करुण चेतनायुक्त नाटक हो । यो *'सात थुँगा'*(२०३७) मा सङ्कलित छ ।  यसमा शम्भु दाइ, माधव र गीताको घरमा सहयोगीको भूमिकामा रहेको छ । माधवका बाले शम्भुप्रति देखाएको व्यवहार कारुणिक छ । यस नाटकमा सहयोगीहरूप्रति गरिने शङ्का उपशङ्कालु मनोविज्ञानको चित्रण पनि पाइन्छ । माधवका बाले गोजीबाट पाँच रुपियाँ हरायो भनेर आफ्ना छोराछोरीसँग सोधखोज नगरी शम्भुमाथि चोरको आरोप लाएर निर्मम ढङ्गले प्रस्तुत भएका छन् । यसै छाडियो भने अरू

ठुल्ठुलो रकम चोर्छ भनेर प्रहरी बोलाउँछन् । 'मैले चोरेको छैन' भनेर शम्भुले गरेको अनुनयविनयको कुनै अर्थ लाग्दैन, सुनुवाइ हुँदैन । निर्दोष शम्भु दाइले कुटाइ खाएको देखेपछि माधवले पैसा मैले झिकेको हुँ शम्भु दाइले होइन भन्दै माधवले शम्भुदाइ निर्दोष छन् भनी स्वघोषणा गरेर उनले खेप्नुपरेको दयनीय पीडाबाट जोगाएका छन् ।

शम्भु दाइ निर्दोष छ नाटकका बालचरित्र माधवले निर्वाह गरेको भूमिकामा मानवीय भावनात्मक करुणाले स्थान पाएको देखिन्छ । उनबाट आफ्नो व्यवहारबाटै वस्तुतथ्यको खोजीनीति नगरी आँखा चिम्लेर शङ्काको भरमा लङ्का दहन गर्ने प्रवृत्ति र आर्थिक, सामाजिक, शैक्षिक कारणले पछि पारिएको कमजोर चरित्रमाथि जाइलाग्ने अमानवीय चिन्तन र क्रूर शैलीले प्रस्तुत हुने कमजोर मनोवृत्तिमाथि कटाक्ष गर्दै निर्दोष पात्रले दुःख पाउनुहुँदैन भन्ने निष्कर्ष निकालिएको छ । उनको व्यवहारबाट शम्भु दाइ गरिब छन् भन्दैमा दोषी देख्ने, त्यस घटनासँग नजिक रहेका र सम्बन्धित पात्र जोकोही पनि दोषी हुन सक्ने सम्भावनाको समेत हेक्का नराखी निर्दोषलाई दोषी करार गर्न प्रहरीको सहारा लिनु र प्रहरी समेतले दायाँबायाँ नसोची उसैमाथि आक्रमण गर्नुजस्तो दुर्बल मनोविज्ञानको पनि उद्घाटन भएको छ । प्रस्तुत नाटकमा यस्तो अविवेकी सोच फेरिएर आत्मीय सद्भावयुक्त समाज निर्माणका लागि आवश्यक चेतना र करुणभाव जगाइएको छ :

माधव : (गीताको हात छुटाएर) मारे पनि मारुन् हामीले साँचो कुरा बोल्नुपर्छ । ...करुणा गुरुआमाले हामीलाई झूट बोल्नु हुन्न भनेर सिकाएको होइन ? (माधव इन्स्पेक्टरनिर जान्छ र उसको हात समात्छ) इन्स्पेक्टरसाहेब ! शम्भु दाइलाई नपिट्नोस् । शम्भु दाइले चोरेको होइन, पैसा मैले झिकेको.......

मा.बा.आ.: (एकैपल्ट, आश्चर्यको स्वरमा) माधव !...तँ...तँ....माधव : (बाबुको मुखमा डराईडराई हेरेर) म...मै...मैले...लिएको...

गीता : (अगाडि बढेर) बा !... म...मैले...माधवलाई देखाइदिएको ।...उसले बाघ लेख्न रङ किन्न पैसा नभएर...

मा.बा. : (माधवको कान समातेर कठोर स्वरमा) त्यसो भए पैसा तैँले चोरेको ? ..... इन्स्पेक्टर : सुब्बा बाजे ! म एउटा कुरा भनौं । तपाईंले दुःखी हुने होइन सुखी हुने कुरा देख्छु म त ! यसरी साहस गरेर आफ्नो दोष कबुल गर्नु यो तपाईंको छोराको लर्तरो गुण होइन । योत चरित्रको....। (पृ.५-६) ।

यहाँनेर शम्भुले म निर्दोष छु भनेर गरेको बिन्तीभाउमा प्रबल करुणा प्रकट भएको छ । प्राणीहित निम्ति गरिने अहिंसा, परोपकार, सद्भावजस्ता मानवीय सत्कर्मले कारुणिक चरित्र निर्माण गरेको देखिन्छ ।

यस सन्दर्भमा विकलको 'सिद्धार्थको करुणा' लाई प्रभावकारी नमुना नाटक मान्न सकिन्छ । यो *'सात थुँगा'* एकाङ्की सङ्ग्रहमा सङ्कलित छ । यसमा सिद्धार्थ, देवदत्त सक्रिय पात्र छन् भने हाँस र शुद्धोदनको पनि उपस्थिति छ । यसका पात्र सिद्धार्थले देवदत्तको वाणबाट घाइते भएको हाँसको उपचार गरी बचाएका छन् । नाटकले यहाँ देवदत्तको हिंस्रक प्रवृत्तिका विरुद्ध सिद्धार्थले अपनाएको अहिंसाप्रतिको आस्थापूर्ण व्यवहारले प्राणीप्रतिको आत्मीय करुणामय सद्भाव देखाएको छ :

देवदत्त: (रुखो स्वरमा) अब यसले बाँच्ने के काम ! यसले भरे मेरो भान्सा रमाउनुपर्छ । यो मेरो आजको पहिलो शिकार ।

सिद्धार्थ : (करुण स्वरमा) देवदत्त ! तिमी कति निठुरी छौ । हेर, यो बिचरो सानो जीवात कसरी पीडाले छटपटाएको !...तिम्रो मनमा कत्ति पनि दया र करुणा छैन ? (हाँसलाई सुमसुम्याउँदै गालामा टाँस्छन् । उनको आँखामा आँसु टलपलाउँछ, दुईचार थोपा बर्र झर्छ ।) (पृ.२०)

यसरी परेवाको माध्यमबाट प्राणीहरूप्रति सद्भाव राख्न प्रेरित गरिएको छ । प्रस्तुत नाटक करुण चेतनाको बलियो उदाहरण बनेको छ ।

यसै गरी विकलको 'नदेखिने दान'ले सत्पात्रको परिचय दिएको छ । कमजोर आर्थिक अवस्था भएकी लक्ष्मीकी आमाको उपचारको आवश्यकतामा ध्यान दिइएकाले मानवप्रतिको सद्भाव, करुणा, माया, कर्तव्यबोध जस्ता विशेष गुण मान्छेलाई सत्पात्रको भूमिका चिनाउने आधार सामग्रीका रूपमा आएको पाइन्छ । 'नदेखिने दान' नाटकका माया, विक्रम, प्रीति, लक्ष्मी बालपात्रहरू सामाजिक इमानदारीको पनि जतन गर्ने सत्पात्रको रूपमा सक्रिय रहेको देखिन्छ । *'सात थुँगा'* एकाङ्की सङ्ग्रहमा सङ्कलित यो एकाङ्कीका बा, आमा, लक्ष्मीकी आमा प्रौढ पात्र हुन् । माया, विक्रम, प्रीतिले लक्ष्मीकी बिरामी आमाको उपचारमा सघाएर तत्काल गर्नुपर्ने कामको पहिचान गरी त्यसअनुसार अघि बढेका छन् । मायाका बाले छोरीले सही समयमा ठिक ठाउँमा पैसा खर्च गरेकी रहेछन् । जीवनभन्दा ठुलो पैसा होइन भन्ने बुझेर छोरीले गरेका कामको यथार्थ थाहा पाएपछि खुसी हुँदै प्रशंसा गरेका छन् । सत्य थाहा नपाई छोरीसँग रिसाएँ भनेर पछुतो मानेका छन् । उनले बालपात्रबाट भएको उच्च मानवीय करुणामय सद्व्यवहार भएको जानकारी पाएपछि भावुक भएको देखिन्छ । बालकहरूको व्यवहारमा इमानदारीसँगै पैसा नभएर उपचार नपाएकी लक्ष्मीकी बिरामी आमाप्रति देखाएको सद्भाव करुणायुक्त छ । उनीहरूमा रहेको मानवीय सचेतताबाट अभिभावक पनि प्रसन्न भएको देखिन्छ :

बा : छोरी !...यो कुरा पहिले मलाई किन नभनेकी ?

माया : (रिसाएझैं गरेर) भन्न खोज्या त हो नि, तपाईंले एकदमै झम्टिहाल्नुभयो । अनि कसरी भन्ने ?

ल.आमा : (अगि सरेर) हजुर छोरीसँग नरिसाउनुहोस् ।...केटाकेटी, बुद्धि पुगेन । तर उनले गर्दा मेरो ज्यान बाँच्यो । ... म सक्ने भएपछि सबै रिन चुकाइदिनेछु ।

बा : (गद्गद् स्वरमा)....म रिसाएको होइन....म....ओ (श्रीमतीसँग) सुन्यौ ? यो तिम्री छोरी ! यसको दिलमा गरिब र असहायमाथि कति दयामाया रहेछ ! ...बुझ्यौ, यो मेरी छोरी !...(मायाको शिर मुसार्दै) छोरी !...मदेखि रिसाएकी त छैनौ ?....नरिसाऊ...मैले तिमीलाई पिटैँ ।...तर, तर म अब स्कुल गएर सबै पैसा बुझाइदिन्छु । (पृ.४१) ।

यी संवादबाट के स्पष्ट भएको छ भने माया, अमर, विक्रमहरूको सक्रिय कर्मले समाजमा बस्ने सदस्य सबैले सद्भावी आत्मीय व्यवहार गरे सुखी रहनका लागि त्यसै अनुसारको आचरण हामी आफैँले

गर्नुपर्छ । अरूलाई दुख दिएर, बालकलाई श्रममा लगाएर हामी सभ्य शालीन, अनुशासित मान्छे बन्न सक्दैनौँ भन्ने विषयमा जोड रहेको पाइन्छ । यसै गरी माया, विक्रम, गीताहरूले पैसा विनासित्ति खर्च नगरी लक्ष्मीकी बिरामी आमाको उपचारमा खर्च गरेको र लक्ष्मीले मैले श्रम गरेर तिर्छु नानीलाई गाली नगर्नु भनी गरेको अनुरोधमा करुणा देखिएको छ । यसबाट उनीहरूको हातमा पैसा छ भन्दैमा जथाभावी खर्च गर्ने बानी छैन भन्ने विषय पनि पुष्टि भएको छ । लक्ष्मीकी आमाबाट पनि परिश्रम गरी विद्यार्थीहरूले वनभोजका लागि जम्मा गरेको पैसा तिर्ने अठोट व्यक्त गरेकी छन् । मायाका बाआमा पनि छोरीको मानवसेवा भाव देखेर गद्‌गद् भएका छन् । यसबाट प्रस्ट देखिन्छ कि नदेखिने दान नाटकमा कारुणिक अवस्थाको चित्रण भएको छ ।

रमेश विकलको 'अब तिमी नरोऊ किरण'(२०५९)मा सङ्कलित 'माया दी ! मलाई पनि स्कुल लैजानोस् है !' बालनाटकमा रचना, रुस्तम, गीता, माया, अमर, विक्रम, प्रीति, टीके (कुकुर,मानवेतर) बालपात्र रहेका छन् भने रमोला, धीरेश, चेतन, पण्डित प्रौढ पात्र हुन् । आमा रमोलाले रचनालाई स्कुल जानुपर्दैन भनेर जिद्दी गर्छिन् कसैको कुरा सुन्दिनन् । रचनाको पढ्ने धोकोमा ठेस लाग्छ । केही सिप नलागेपछि रचना, पण्डित, विक्रम, माया, अमर, प्रीतिहरू मिलेर केही समय रचनालाई लुकाउँछन् । रमोला छोरी कहाँ गई भनेर छटपटिन्छिन् । यही मौकामा तिमीले हेला गर्‍यौ, पढ्न पनि पठाइनौ । रचना दुःखी भएर घर छाडी हिँडिन् भन्ने प्रसङ्गमा रचनाको स्थिति तथा रमोलाको प्रतिक्रियामा करुणाभाव व्यक्त भएको छ । यही स्थितिलाई उपयुक्त मौका देखेर माया, विक्रम, पण्डितहरूले रचनालाई पनि रुस्तम सरह माया गर्छु, पढ्न पनि पठाउँछु भनेर रमोलालाई वचनबद्ध हुन लगाएका छन् । यसको साक्ष्यमा तलको संवादलाई लिन सकिन्छ :

रमोला : म गर्छु, बाजे गर्छु । त्यसको अनिष्ट भगाउन म जस्तो सङ्कल्प पनि गर्छु ।..कति लाग्छ त्यो सङ्कल्प गर्न,बाजे ?

धीरेश : (हाँसेर) त्यो सङ्कल्पलाई पैसा चाहिन्न ! खालि आफ्नो विचारलाई बदल्नुपर्छ ।... छोरीलाई र छोरालाई पक्षपात गर्नु हुन्न, कसो पण्डित बाजे ? (पृ.२५) ।

यिनै संवादबाट स्पष्ट हुन्छ कि छोरी भएकै कारण बालक रचनाले पढ्न जान नपाएर घरबाट निस्की बेसहारा भौतारिन बाध्य पारिएको अवस्था छ । अब भने आमा रमोलाको हेपाइ सहन बाध्य रचनाले भाइ रुस्तमसरह स्नेह पाउने भइन् । माया दिदीका साथ स्कुल जान पाउने पक्कापक्की भएको छ । रमोलाले छोराछोरी बराबर हुन् फरक गर्नु नहुनेरहेछ भन्ने कुरा बुझेकी छन् । समाजमा रहेको छोराछोरी बिचको विभेद जुन बालहित विपरीत छ मानवीय संवेदनाको उपेक्षा गर्छ भन्ने यथार्थ चित्रण गरिएको छ । सुन्दर परिवार छोराछोरी दुवै बराबर भन्ने आत्मीय सन्देश पनि मुखरित भएको छ । विकल रचित धेरैजसो बालनाटकमा माया, विक्रम, गीता, माधव, प्रीति, अमरजस्ता बालपात्रहरूको पुनः पुनः उपस्थिति रहेको पाइन्छ । यिनीहरूको भूमिकालाई नाटकमा मुख्य स्थान दिई कर्तव्य पालनासँगै दया माया, परोपकार, सत्कर्म, करुणाभाव व्यक्त हुने गरी चारित्रिक विशेषता बताइएको छ ।

रमेश विकलको 'राजा हिमवन्तको निसाफ' 'हराएको चिठी' (२०६४) सङ्कलित यस नाटकमा राजा हिमवन्त, देवयानी, कनकलता, यशोधरा, मन्त्री, पहरेदार पात्रका रूपमा छन् । तीन दृश्यमा फैलिएको यो

नाटकमा मातृवात्सल्यको उचित मूल्याङ्कन गरिएको छ । छिमेकी यशोधराले देवयानीको बच्चा चोरेर मेरो हो भन्ने दाबी गरेपछि वास्तवमै बच्चा कसको हो त भनेर पत्ता लगाउन राजा हिमवन्तले अपनाएको परीक्षण कला र निकालेको निष्कर्षले आमा हृदयको उच्चादर्श स्थापित गरेको देखिन्छ । साँच्चैकी आमाले बच्चाको प्राण हर्ने कुरा स्वीकार गर्न सक्दैनन् भन्ने प्रमाण देवयानीको प्रतिक्रियाबाट प्राप्त भएको तथ्य नै यस नाटकले दिएको आमा हृदयको उच्च आदर्श हो भन्ने विश्वास गर्न सकिन्छ ।

देवयानी : (एकदमै बहुलाहीजस्ती भएर) हुन्न हुन्न महाराज ! यो निसाप भएन । बरु छोरो उसैले लेओस् । मलाई चाहिन्न । त्यो बच्चोको ज्यान नलिनोस् ।

राजा हिमवन्त : (अगरक्षाकसँग) पख ! (मन्त्रीहरूतिर हेरेर मन्द हाँस्तै) देख्यौ तिमीहरूले आमाको माया ? आमाको मायाले आफ्नो इन्साफ आफैँ गऱ्यो । ए, (देवयानीतिर देखाएर) यो बच्चो यसलाई दे । यो यसैको बच्चो हो (पृ.६६)।

छिमेकमा बसेर सामाजिक सद्भाव खलबल्याई मानवीय संवेदनासम्मको हेक्का नराखी बालक भाग लगाउन तयार हुने यशोधरा जस्ता पात्रले कारुणिक परिस्थिति सिर्जना गरिएको छ । यससँगै दुष्ट चरित्रलाई दण्डित गरिएको हुँदा सामाजिक न्याय र विधिव्यवहारले पनि महत्त्व पाएको देखिन्छ । बच्चा टुक्रा पारेर भाग लगाउने कुरा सहन सक्ने नक्कली आमाको व्यवहारले कठोर हृदयको परिचय दिन्छ भने साँच्चैकी आमाको बिलौना र बरु उसैले लेओस् म रित्तै फर्कन्छु तर बच्चा बाँच्नुपर्छ भन्ने आग्रहमा मानवीय संवेदनायुक्त करुणाभाव व्यक्त भएको छ ।

**रमेश विकलका बालनाटकमा समता**

रमेश विकलका बालनाटमा नेपाली भूभागमा बसोबास गरिरहेका मानिसहरूले अनुसरण गर्ने सामाजिक रीतिरिवाज र रहनसहन स्थानअनुसारको हावापानी अनुकूलको खानपान, पोसाक आदिको सन्तुलित प्रस्तुतिको विषय सन्दर्भका कुरा रहेका छन् । यी नाटकमा नेपाली जनजीवनले पछ्याइल्याएका वर्षभरिका चाडपर्व र भाषा संस्कृतिमा भौगोलिक, प्राकृतिक, सामाजिक प्रभावको चित्रण रहेको देखिन्छ । नेपाली बालनाटकमा जातीय विविधता र तिनका विशेषता खानपिन, पोसाक, चाडपर्वहरूका माध्यमबाट व्यक्त भएको पाइन्छ । सांस्कृतिक विधिव्यवहारमा समाजका सबै सदस्यको अवस्था अनुकूल हुने गरी बराबरी प्राप्त हुने सहज वातावरणको आवश्यकता रहेकोमा बालकहरूलाई सजग बनाउने समतामूलक अभिव्यक्ति सम्प्रेषण गरेका बालनाटकहरूको अध्ययन गरिएको छ ।

समता भन्नाले सबै मानवबिच स्थितिअनुरूप गरिने आत्मीय विधिव्यवहार बुझिन्छ । शारीरिक अवस्था, उमेर, शिक्षा समेत ख्याल गरी उचित सेवासुविधा उपलब्ध हुनुमा समता पाइन्छ । एकै प्रकारको परिस्थितिमा व्यक्ति आवश्यकतानुसार साधनस्रोतको वितरण हुनु समता मानिन्छ । बालनाटक मनोरञ्जन प्रधान विधा भएकाले मानवीय संवेदनाको मूर्त अभिव्यक्ति पनि हो । नाटकमा अभिनय गर्ने पात्रहरूको स्थितिअनुकूल सहकार्य, संवाद आदि कर्ममा देखिने व्यवहार बराबर हुनु कसैसँग कुनै प्रकारको विभेद नराखी सामाजिक क्रियाकर्म सञ्चालन हुनुले समता जनाउँछ । समताले सबै मानवबिच नैतिक स्थितिको

परिकल्पना गर्छ । 'समताको अर्थ, अर्थबल, शरीरबल, चेतनाबलको अवस्थानुसार सबैलाई सहज हुने गरी प्राप्त सरसुविधा वितरण प्रणालीलाई मानिन्छ । उमेर, जात, लिङ्ग, अर्थव्यवस्थाका आधारमा कसैलाई उपेक्षा नगरी गरिने मित्रवत् व्यवहार नै सामाजिक समता मानिएको छ' (गुप्ता,२०७५,पृ.१९१) । अभिनेय विधा बालनाटकका पात्रहरूलाई समाजका विविध गतिविधिमा प्रत्यक्ष सहभागी गराई आपसी सद्भाव र मित्रतालाई व्यवहारले चिनाउने प्रयोगात्मक सिपमा पनि सामाजिक समताको महत्त्व देखिन्छ । शिक्षा, स्वास्थ्य, पेसाव्यवसाय समेतका सामाजिक सांस्कृतिक परिचयमा सबै सदस्यको बराबर उपस्थिति रहनु सम्मानजनक व्यवहार गरिनु, उपेक्षा नगरी सहृदयी भावनाको विकासमा जोड दिनुमा मानवीय समता पाइन्छ । यसर्थ बालनाटकलाई निश्चित सीमारेखाले बनेको भूगोल, प्रकृति, बसोबास गर्ने मान्छे, उनीहरूले अनुसरण गरिरहेको संस्कार संस्कृति सम्प्रेषण गर्ने सङ्केतक मानिएको पाइन्छ । सामाजिक प्राणी मानिस जन्मेहुर्केको समाजसँग परिचयात्मक सम्बन्ध गाँसेर समयसापेक्ष गति लिइरहेको देखिन्छ । मानिस आफ्नो परिचायक समाज, त्यससँग हुर्केको मौलिक सम्पदामा अन्तर्घुलित भएर रमाउने प्रयत्न गरिरहेको पाइन्छ । मानिसले यसैमा खेल्नखान र डुल्नफिर्न पाएर गौरव गरेको हुन्छ । मानिस समाजसँग खेल्दै रमाउँदै गर्दा यो मेरो आफ्नो हो भनी हृदयतः साइनो गाँस्दै अघि बढिरहेको भेटिन्छ । असल पात्रको सद्भावमा प्रकट हुने व्यवहारले फरक संस्कार संस्कृतिमा हुर्केबढेका व्यक्ति, परिवार र सिङ्गै समाजको साथ सहयोगले समताभाव राखेर जीवनमा प्रत्यक्ष प्रभाव दिइरहेको देखिन्छ (बराल,२०७८,पृ.७६) । एउटै जङ्गलमा पन्छी चारो खोज्न, खेल्न रमाउन सक्छन् । स्वभाव अनुसार गतिविधि गर्दै पर पर पुगे पनि साँझ फर्केर आ-आफ्नै गुँडमा वास बसेको देखिन्छ । अनेक थरी जडीबुटी एकै ठाउँमा झाँगिएर औषधी बनिरहेको पाइन्छ । प्रकृति प्रदत्त समन्याय जस्तै राज्यले प्रदान गर्ने न्यायिक वितरण व्यवस्थाअनुरूप सेवाग्राह्यले प्राप्त गर्दाको परिस्थितिमा भोकालाई कपडा र नाङ्गोलाई खानाको सट्टा भोकालाई खाना र नाङ्गालाई लुगाको व्यवस्था गरिने सुझबुझ र इमान नै सामाजिक समता मानिएको पाइन्छ ।

रमेश विकलको 'अब तिमी नरोऊ किरण'(२०५९)मा सङ्कलित बालनाटकले बालजीवनको आवश्यकता परिपूर्तिमा ध्यान दिएको छ । उनको 'अब तिमी नरोऊ किरण'मा समाजका सदस्यहरूले समान अवसरको उपयोग गर्न पाउनुपर्ने आग्रह गरिएको छ । विकलका बालनाटकमा परिवार, अर्थ, शरीरको असाधारण अवस्थाले गर्दा अवसरबाट वञ्चित नगरी बराबर हैसियत दिई आवश्यकता परिपूर्ति हुनुमै समता पाइन्छ । यसमा हरि, चम्पा, गोपी, अरूण, श्याम, आशिष, किरण, माया, गीता, विक्रम, प्रतिमा, अमर, टिके (मानवेतर), विद्यालय निरीक्षक र प्रअ.पात्रहरू रहेका छन् । हरि, गोपीहरूले 'हामी खेलेको नहेर तँ अपाङ्गले' भन्दै किरणलाई धक्का दिने, टेकेको बैसाखी फालिदिने जस्तो अभद्र व्यवहार गरेर किरणलाई दुःखी बनाएका छन् । अर्कोतिर माया, विक्रम, गीताहरूले किरणसँग त्यस्तो व्यवहार नगर्न आग्रह गर्छन् । 'किरण तिमीले पनि हामीसँग पढ्नुपर्छ' भनी प्रअ.र निरीक्षक सरसँग 'किरणको पढ्ने इच्छा रहेछ । यिनलाई पनि पढ्ने व्यवस्था मिलाइदिनुपर्‍यो भनी' अनुरोध गर्छन् । सरहरूबाट माया, विक्रमहरूले किरणप्रति देखाएको सद्भाव र सहयोगको प्रशंसा गरिन्छ । यसरी अपाङ्ग बालक किरणको इच्छा र आवश्यकता ख्याल गरी आत्मीय साथी बनाएर पढ्ने अवसर जुटाइदिनुमा नैतिक मूल्यसँगै सामाजिक समता प्रकट भएको छ :

गीता : सर ! किरणले हाम्रो स्कुलमा पढ्नु हुन्न ?

प्र.अ. : किन नहुनु ! स्कुल भनेकै पढ्नका लागि ठाउँ हो । यो सबैको हो । यसमा सबैले पढ्न पाउनुपर्छ । ....के किरण पढ्छे ?

माया : हो सर तर ऊ फिस तिर्न सक्तिन । ...

प्र.अ.त्यसो भए के गर्ने त ?

अमर : सर ! उसलाई फिस माफ गर्न सकिन्न ?

माया : फिस माफ गर्ने यस्तै असहायका लागि त हो, सर !

निरीक्षक : हुन्छ । यस्तो कुरामा पनि कसले विरोध गर्ला र ! (पृ.१५-१६)

यसै गरी विकलको यसै सङ्ग्रहमा सङ्कलित 'माया दी । मलाई पनि स्कुल लैजानोस् है ।' एकाङ्कीमा छोरीले पनि छोरासरह पढाइ लेखाइ गरी अघिबढ्ने अवसर पाउनुपर्ने विषयमा जोड दिइएको पाइन्छ । तीन दृश्यमा रचिएको यस नाटकमा रचना, धीरेश, माया, प्रीति, विक्रम, अमर बाल तथा टिके (मानवेतर) पात्र छन् भने रमोला, रुस्तम, चेतन र पण्डित प्रौढ पात्र हुन् । रमोला छोरा धीरेशलाई पढ्न पठाउने तर छोरी रचनालाई घरको काममा दलाएर छोराछोरी बिच विभेद गर्ने आमाहरूकी प्रतिनिधि पात्र हुन् । माया, विक्रम, पण्डित, रुस्तम, चेतन समेतको विशेष सहायताले रचनाको इच्छा तथा आवश्यकताअनुरूप व्यवहार गएिको छ । रमोला रचनालाई स्कुल पठाउन तयार भएकी छन् । ' यसले रमाइलो रमाइलोमै गम्भीर परिणाम दिएको छ । पति, देवरको सल्लाह र छोरीको आग्रहलाई पटक्कै नसुनेकी रमोला गीता र साथीहरूको चलाखीपूर्ण तरिका र पण्डितको ज्योतिषकलाको सहायताले उनलाई छोराछोरी दुवै बराबर हुन् फरक व्यवहार गर्न हुँदैन । छोरी अर्काको घर पठाउने जात हो, पढाउनु पर्दैन भन्ने कमसल सोचमा परिवर्तन ल्याएको छ । यस प्रस्तुतिले लैङ्गिक विभेद गर्ने सामाजिक मनोविज्ञानको अन्त्य गरी समतामूलक विधिव्यवहार र स्नेह प्रदान गरेको छ :

पण्डित : छैन बाबू छैन । त्यसमा त धन्दै मान्नु पर्दैन । एउटा कति भने यो बालिका यस जन्ममा पनि छोरै जन्मनुपर्ने, लग्नको घटबढले गर्दा छोरी भएकी ।...यसैले उसमाथि छोरैको जस्तो व्यवहार भएन भने अनिष्ट पर्न सक्छ ।...त्यसैले छोरैलाई जस्तो व्यवहार गर्नुपर्छ ।

रमोला : गर्छु बाजे गर्छु ।...के गर्दा चाँडै घर आउँछे ,त्यो उपाय बताइदिनुपर्‍यो । ...बरु स्कुल जान्छे भने म भोलिदेखि नै पठाइदिन्छु । ( पृ.२४)

रमेश विकलको *'अब तिमी नरोऊ किरण'*(२०५९)मा सङ्कलित 'आमा ! मेरी आमा' नाटकका बालपात्र उत्तमलाई अपाङ्ग भनेर स्कुलमा भर्ना लिन नमानेका हेडसरलाई पनि उक्त माया, विक्रम आदि बालपात्रहरूको पहलमा भर्ना गराइएको छ । उनका लागि आफ्नो शारीरिक अवस्था, पढ्ने इच्छा र आवश्यकता समेतको अनुकूल हुने गरी छात्रवासको व्यवस्था मिलाइएको छ । उचित अवसर पाएपछि उत्तम पढाइमा अब्बल ठहरिएका छन् । फरक शारीरिक अवस्थाका भए भन्दैमा बालकलाई अवसरबाट वञ्चित गरिनु बेठिक हो भन्ने विषयलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । रमेश विकलको प्रस्तुत नाटकमा बालकलाई पौष्टिक आहारविहार शिक्षा, स्वास्थ्य आदि विविध गतिविधि अनुकूल रहने गरी उचित व्यवस्थापन मिलाउन

अभिभावक, समाज, राष्ट्र एवं सिङ्गै मानवजातिलाई सचेत तुल्याइएको छ । समाजका सदस्य बालकहरूलाई अवसरका निम्ति इमानदार रहेर सामाजिक समताको कदर गर्न आग्रह गरिएको छ :

कमला : उत्तम उ...त्यो हो सर ऊ उठ्न सक्तैन !

शि.अ. : ओ...! अँ त उत्तमले सबैभन्दा माथिल्लो स्थान ल्याएको छ ।...अनि तिमीहरू पनि आफ्नो कक्षाको पहिलो पहिलो स्थानमा छौ ।... खुसी भएनौ त तिमीहरू ? गीता/प्रतिमा : ओ उत्तम ! ...हाम्रो उत्तम दाइ ।...ओ माया दी ।...हाम्रो उत्तम दाइ । (खुसीले उफ्रँदै उत्तमलाई अँगाल्न जान्छन् ।)

माया : ओ उत्तम ! तिमी कति बद्धिमान् छौ ।....विक्रम र सबै : ओ उत्तम तिमीले हाम्रो शिर ठाडो तुल्यायौ ।....

हेड सर : तिमीहरूको मात्र होइन । हाम्रो यो स्कुल र यो गाउँकै शिर उठाइदियो । .....(पृ.८)

यसरी मौका पाउँदा उत्तमले अभिभावक, विद्यालयको मात्र नभई सिङ्गै समाजको शिर उठादिएका छन् । यसबाट प्रस्ट हुन्छ कि जीवनमा समताको विशेष महत्त्व रहेको कुरा ।

**रमेश विकलका बालनाटकमा उत्साह**

रमेश विकलका बालनाटकहरूले बालकहरूमा उत्साही चेतना सम्प्रेषण गरेको पाइन्छ । बालकहरू शिक्षा प्राप्तिमा उत्साहपूर्वक लागेको देखिन्छ । यी नाटकमा शिक्षा आर्जन र उत्पादन कार्यको महत्त्व बताइएको छ । बालकमनमा कामप्रति यत्नशील भई आत्मबल बढाउने रमेश विकलका बालपात्र विक्रम, माया प्रीतिहरू उत्साहपूर्वक कर्ममा लागेको देखिन्छ । मानिसको सुन्दर पक्ष भनेको समर्पित भएर प्रसन्नताले काममा जुट्नु हो । नेपाली बालनाटकमा कर्मयोगी चेतनालाई महत्त्व दिएको पाइन्छ । यहाँ नेपाली बालनाटकको अन्तर्वस्तु उत्साहको अध्ययन गरिएको छ । रमेश विकलका बालपात्रहरूले पढाइ, लेखाइ,तथा घरपरिवारको पेसाव्यवासायमा सरसहयोग आदानप्रदान गर्ने उत्साहपूर्वक जाँगर देखाएको पाइन्छ ।

नेपाली बालनाटक बालमनमा प्रसन्न चित्तयुक्त उत्साह बढाउँछन् । यी नाटकमा शिक्षा आर्जन, कृषि उत्पादन, उद्योगव्यवसाय तथा समग्र उत्पादनशील कार्यमा उत्साहप्रद रुचि जगाउने उद्‌देश्य रहेको देखिन्छ । उत्साह शब्दको अर्थसीमा विशाल देखिन्छ । नेपाली समाजमा ‘कुनै कामप्रतिको तत्परता, श्रममा मन लगाउने, लागिपर्ने’ भन्ने अर्थमा उत्साह शब्दको प्रयोग हुँदै आएको पाइन्छ । यो मानवीय चेष्टाले नेपाली बालनाटकमा मानव जीवनको उत्पादनशील अभ्यासलाई महत्त्व दिएको देखिन्छ । मानव जीवनका अनिवार्य आवश्यकता परिपूर्तिमा उत्पादनशील, श्रमशील उत्साहको विशेष महत्त्व रहन्छ । ‘कसीमा घोटेर, काटेर, पगालेर अनि पिटेर सुनको पहिचान गरेजस्तै मानिसको पहिचान उसको शीलस्वभाव, आनीबानी र कर्मले दिन्छ । उत्साही लगनशील काम गराइले मान्छेको गुणवत्ता बताउँछ’ (शर्मा,२०६४, पृ.११) । उत्साहबाट सार्थक जीवन बचाउने स्रोतका रूपमा रहेको कामप्रति सक्रिय भन्ने सन्देश सम्प्रेषण गरिएको पाइन्छ । मानिसका दैनिक जीवनसित सम्बन्धित संलग्न क्षेत्र पेसा, उद्योग-व्यवसाय, धर्म आदिले कर्तव्यपथमा हिँड्न अभिप्रेरित गरी उत्साही तुल्याएको देखिन्छ ।’उत्साहले मानिसलाई कर्ममा विश्वासल गरी पौरखी बन्न अभिप्रेरित गरेको पाइन्छ । यहाँ नेपाली बालनाटकमा व्यक्त उत्साही चेतनाको विश्लेषण गरिएको छ ।

विकलको 'किसान र बाघ' एकाङ्की *'सात थुँगा'* एकाङ्की सङ्ग्रहमा सङ्कलित नाटक हो । यसमा किसान, राधा मानवीय पात्र छन् भने बाघ, बिरालो र केही जङ्गली जनावर मानवेतर पात्र रहेका छन् । किसान मिहिनेती छन् । किसानको चतुऱ्याइँपूर्ण व्यवहार र परिश्रमले बाघको शारीरिक बल परास्त भएको छ । किसान आफैमा परिश्रमको फल खाने वर्ग हो । यसको श्रमले अरूलाई पनि सहयोग गरिरहेको हुन्छ । किसान समाजको सम्मानित श्रमजीवी वर्गमा पनि गनिन्छ । यस नाटकमा उपस्थित किसानको उत्साही देखिएको छ । यसै गरी विकलको 'आमा ! मेरी आमा' अब तिमी नरोऊ किरण पाँच बाल-नाटकहरूमा सङ्कलित नाटक हो । तीन दृश्यमा विषयवस्तु र पाँच वर्ष लामो समयावधिको परिवेश रहेको यस नाटकमा कौशल्या, घनश्याम, चपला, हेड सर, माने, प्रौढपात्र छन् भने उत्तम, माया, गीता, विक्रम, अमर, बालपात्र रहेका छन् । स्कुलमा भर्ना नपाएका शारीरिक रूपले कमजोर उत्तमले साथीहरूको सहृदयी सहयोग पाएपछि मिहिनेत गरी पढेर सफलता हासिल गरेको देखिन्छ । उनले परिश्रम गरे सफलताले वरण गर्छ भन्ने कुरा पढाइप्रतिको लगनशीलताबाट प्राप्त गरेको विद्यालय प्रथम भएको परिणाममा देखिएको छ । उनका बालनाटकले बालमनमा ध्यान दिएर परिश्रम गर्ने उत्साही चेतना सम्प्रेषण गरेको पाइन्छ ।

विकलले नेपाली समाजका बालकले भोगेका समस्यालाई विषय बनाएर नाटक सिर्जना गरेको पाइन्छ । उनका नाटकले बालकहरूकै सक्रियतामा समस्याको समाधानका लागि उपयुक्त निकास पहिल्याइएको पाइन्छ । यी नाटकले निरन्तर परिश्रम गरे सुखद परिणाम फेला पर्ने विश्वास प्राप्त गरेको पाइन्छ । बालकमा उत्साह जगाउने विकलका बालनाटकले परिश्रमबाटै मानवीय जीवनले गन्तव्य फेला पार्ने निष्कर्ष दिएको पाइन्छ ।  उत्तमले अवसरको सदुपयोग गरे । साथीहरूको सहयोगमा उनले परिश्रमपूर्वक पढेर उच्च सफलता हासिल गरेको देखिन्छ । उनको सफलतामा साथीहरूको योगदान पनि मिसिएको छ । परिश्रमको फल मिठो हुन्छ भन्ने भनाइको पुष्टि उत्तमले प्राप्त गरेको परिणामले गरेको छ । यसबाट बालसाथीहरूमा उत्साह बढेको पाइन्छ । प्रमाणको रूपमा तलको संवादलाई लिन सकिन्छ :

माया :  ओ उत्तम ! तिमी कति बुद्धिमान् छौ ।.....

विक्रम र सबै : ओ उत्तम ! तिमीले हाम्रो शिर ठाढो तुल्यायौ ।

हेड सर : तिमीहरूको मात्र होइन । हाम्रो यो स्कुल र यो गाउँकै शिर उठाइदियो । ... तिमीहरू सबैले यो स्कुलको गरिमा बढाइदियौ । ... म तिमीहरूदेखि साह्रै खुसी छु ।

शि.अ. : अनि सुन ! यसपालिको तिमीहरूको स्कुलको जन्मजयन्तीको समारोहमा सरकारतर्फबाट उत्तमलाई स्वर्णपदक दिँदै छ । माया र अरू तिमीहरूको टोलीलाई पनि पुरस्कार दिइन्छ । अनि तिम्रो स्कुललाई....

हेड सर : (हाँसेर) डबल अनुदान !.... (पृ.८)

आमा ! मेरी आमाका पात्र उत्तम शारीरिक रूपले अपाङ्ग छन् तर उनमा रहेको उत्साहले पढाइमा दिएको उच्च सफलता उदाहरणीय बनेको पाइन्छ । उनको उत्साही चेतनाले शैक्षिक गुणस्तर बढाउन स्वयं विद्यार्थीको परिश्रम, साथीभाइको सहयोग र विद्यालयले जुटाइदिने अनुकूल परिवेश महत्त्वपूर्ण हुने विषयमा नाटकले गुणात्मक प्रभाव पारेको देखिन्छ ।

'गीता भेट्टिई' बालनाटकमा माधव, माया, गीता, प्रीति, बद्री, विक्रम बालपात्रका रूपमा उपस्थित छन् भने करुणा प्रौढपात्र हुन् । दिउँसोको समय, रमाइलो बगैँचा परिवेशका रूपमा उपस्थित छ । वनभोजमा

गएका साथीहरू मिलिजुली खानपिन, घुमफिर गर्दै गर्दा गीता चिप्लिन्छिन् । उनी अलिक तल पुगेर लहरामा अल्झन्छिन् । गीतालाई नदेखेर साथीहरू आत्तिन्छन् । धैर्य गर्न भन्दै माया र विक्रम गएर खोजेर ल्याउँछन् :

विक्रम : मैले तल गएर उसलाई उठाएँ, माथिबाट मायाले तानी ।

माया : ओहो ! विक्रम त क्या गुरुमा ! साँच्चै नडराउने बाबै ! कतैबाट बाटै छैन ।...बुट्यानका जरा समाउँदै तल गयो -म त कस्तो आङै ढक्क फुल्यो ।...

विक्रम : गीतारोइरहेकी थिई उसका खुट्टा खुस्केको भए...(पृ.२४)

साथीहरू अप्ठेरो पर्दा आत्तिएर हैन धैर्य र साहसी भएर काम गर्नुपर्छ भन्ने परिणाममा पुऱ्याउनु र यसै अनुरूपको निष्कर्ष दिनु नै लेखकीय उद्‌देश्य रहेको देखिन्छ । विक्रमको सहयोगी भावना र आँट नाटकको अन्तर्वस्तु बनेर आएको देखिन्छ । यसबाट माया, विक्रम जस्ता पात्रले निर्वाह गरेको अप्ठेरोमा परेकी गीताको उद्धार साहसिक कार्यमा उत्साह देखिन्छ ।

'ऊ हाम्रो साथी हो' नाटकमा विक्रम, गीता, माया, माधव, प्रीति, बालकृष्णहरू बालपात्रका रूपमा उपस्थित छन् । साँझपखको समय विक्रमको घर अगाडिको बगैँचा परिवेश छ । साथीहरू एक ठाउँमा भेला भएका छन् । साथीहरूबिच संवाद चल्दै गर्दा बद्री र विक्रमबिच झगडा पर्छ र बद्री साथीहरू छाडेर हिँड्छ । केही पर पुग्दानपुग्दै अरू बदमास केटाहरूका फेला परेर कुटाइ खान्छ । विक्रमहरूले थाहा पाएपछि गएर मदत गर्छन् ।

साथीहरू छाडेर हिँड्नु आफूले गल्ती गरेको, साथीहरू चिन्न नसकेकोमा बद्रीले पछुतो मान्छन् । उनको आनीबानीमा परिवर्तन आउँछ । साथीहरूसँग सधैँ मित्रवत् व्यवहार गर्ने वाचा गर्छन् । यसरी बद्रीको स्वाभावमा परिवर्तन ल्याउनु नाटकको निष्कर्ष रहेको पाइन्छ । यसबाट विक्रममा देखिएको साहसिक कदम व्यक्त भएको पाइन्छ ।

**रमेश विकलका बालनाटकमा कर्तव्य चेतना**

कर्तव्य शब्दले नैतिक दायित्वबोध गरी गर्नुपर्ने काम भन्ने बुझाउँछ । नेपाली बालनाटकले बालकहरूमा कर्तव्य चेतना सम्प्रेषण गरेको देखिन्छ । प्रकृतिका अनन्त सम्भावनाहरूबाट मान्छेका अनन्त जिज्ञासाहरू जन्मने विश्वास गरिएको पाइन्छ । मान्छेसँग कति सामूहिक जीवनसँग सम्बन्धित जिज्ञासा रहन्छन् भने कतिपय जिज्ञासाले व्यक्तिस्वार्थलाई महत्त्व दिएको पाइन्छ । यी कति जिज्ञासा जीवन सञ्चालनका लागि आवश्यक साधन-स्रोत प्राप्ति हेतु जन्मन्छन् कति नवीनताको खोजीसँग थपिइरहन्छन् । मान्छेले आ-आफ्ना जिज्ञासाको समन र आवश्यकता परिपूर्तिका लागि प्रकृतिको उपयोग गर्दै आएको पाइन्छ । उसले प्रकृतिको उपयोग गर्नु आफ्नो नैसर्गिक अधिकार ठानेको पाइन्छ ।

पछिल्लो समय मान्छेको सङ्ख्यासँगै आवश्यकताहरू पनि थपिँदै जाँदा प्रकृतिको उचित उपयोगभन्दा जथाभावी तरिकाले दोहन हुँदै आएको देखिन्छ । नेपाली बालनाटमा प्राकृतिक सन्तुलन बिगारेर मान्छे तथा वनपाखामा बस्ने जीवजन्तुको जीवनमै सङ्कट ल्याइदिएको तार्किक संवाद पाइन्छ । 'समाजमा बस्ने मानिसलाई नैतिक र कानुनी कर्तव्यले कसेर अनुशासित र व्यवस्थित बनाउँछ' (कोहेन, सन् १९८९, गुगलक्रम) । यसरी

हेर्दा मानिसलाई स्वानुशासनमा राख्ने काम कर्तव्यले गर्दोरहेछ भन्ने कुरा स्पष्ट देखिन आउँछ । प्रकृतिको दोहन गरेर वनबुटा, जडीबुटी मात्र लोप हुने अवस्था नभई पानीका मुहान सुक्ने र हावापानी पनि प्रदूषित भई जनजीवन अस्तव्यस्त हुने अवस्था बढिरहेकोतर्फ सचेत गराएको पाइन्छ । नेपाली बालनाटकमा प्रकृतिको संरक्षण र विकासमा समाजलाई कसरी कर्तव्य बोधका लागि सचेत गराउने उपायहरूको खोजी गरिएको पाइन्छ ।

आप्टेको संस्कृत-हिन्दी कोशलाई आधार बानउँदा 'मान्छेले गर्ने हितकारी सेवासहितका कार्य क्षेत्रअनुसार कर्तव्य हुने गर्दछ' (आप्टे, सन् १९६९,पृ.२५२) । धर्ती, आकाश, घामपानीको संयोजनमा देखिने पहाड, पर्वत, खोला, नदी, वनपाखाका जीवहरूको साझा जीवन हितनिम्ति गरिने कामले कर्तव्यबोध गराएको पाइन्छ । मानिसको जीवन प्रकृतिले दिने हावापानी, ताप, वनस्पति, उज्यालोहरूबाट सञ्चालन हुँदै आएको देखिन्छ । यिनको उचित स्याहार मानिसको कर्तव्य बन्छ जुन प्रकृतिबाटै थरीथरी विधिप्रक्रिया सिकेर गरिन्छ । मानिसलाई रुखबिरुवा, माटोपानी, जीवजन्तु समग्र प्रकृतिमा आउने परिवर्तनले कर्तव्यप्रति जागरुक बनाएको छ । प्राकृतिक स्रोत तथा भौगोलिक सौन्दर्यभित्र रहने पानीका मुहान, वनसम्पदा, जीवजन्तुको बसोबास र यिनका गतिविधिको संरक्षण संवर्धनका लागि मानिसले गर्नुपर्ने कार्य नै कर्तव्य मानिन्छ । स्वामी विवेकानन्दका अनुसार 'कर्तव्य मानिसका काम गर्ने क्षेत्र कृषि, शिक्षा, न्याय, धर्मबाट प्रभावित र प्रेरित हुन्छ र यसले मानवीय सद्गुण, सत्कार्य, सहिष्णु चरित्र निमार्ण कर्तव्यको भूमिका रहन्छ' (श्रीरामकृष्ण, सन्१९८७, पृ.२२४) । व्यावहारिक हिसाबले हेर्दा कर्तव्य नैतिक र कानुनी दुई प्रकारको हुन सक्ने देखिन्छ । मानवीय कर्म र चेतनाले कर्तव्यपालनामा जोड दिएको पाइन्छ । यहाँ नैतिक कर्तव्यको आवश्यकता र महत्त्वमा केन्द्रित बालनाटकमा व्यक्त कर्तव्य चेतनाको अध्ययन गरिएको छ ।

रमेश विकलका बालनाटकमा कर्तव्य चेतना पाइन्छ । उनका नाटकले बालपात्रलाई कर्तव्यप्रति सचेत र सक्रिय रहन प्रेरित गरेको पाइन्छ । उनको 'देवदूतको मदत' शीर्षकको बालनाटकमा माधव, गीता, माया, बद्री, प्रीति बालपात्रका रूपमा उपस्थित रहेको पाइन्छ । शम्भु घरको सहयोगी पात्रका रूपमा देखिन्छ । घरको बगैंचा यसको परिवेश रहेको पाइन्छ । साथीहरूबिच संवादले माधवको भनाइ बाले अराएको काम छोडेर हिँड्नु हुन्न भन्ने विचार व्यक्त गरेको देखिन्छ भने प्रीतिको भनाइ साथीहरू सँगै हुँदा रमाइलो हुन्छ भन्ने रहेको पाइन्छ । मायाले साथीहरू छाडेर जाने होइन बरु मिलेर काममा सघाउने र सबै जनासँगै जाने तर्क अघिसारेको पाइन्छ । नयाँ ठाउँ घुम्न निस्कने तयारीमा रहेका साथीहरूको उपस्थितिमा भएको संवाद स्वाभाविक देखिन्छ ।

माधव : अब के गर्ने त बाले अह्राएर जानुभएको ! ...नसकी भएन...

गीता : तिम्रो भागमा कतिवटा बिरुवा ?... कतिवटा सक्यौ ?

माधव : मेरो भागमा बीसवटा परेको ।... सातवटा सकेँ । तिम्रो सत्रवटामा कति सक्यौ ?

गीता : भर्खर पाँचवटा सकियो । (पृ.७)

उनीहरू आपसी सहमति गर्छन् र मिलेर काम सक्छन् । बाले दिएको काम छाडेर हिँड्न नहुने माधवको अठोट र माया, प्रीतिको साथीहरूलाई सघाएर सँगै जाने भनेर गरेको निर्णयमा मानवीय सद्भावसँगै कर्तव्य चेतना अभिव्यक्त भएको छ ।

विकलका नाटकमा बालपात्रहरूको सक्रियता रहेको पाइन्छ । उनीहरूको समयपरिस्थिति अनुसार कर्तव्यप्रति सक्रियता रहेको पाइन्छ। उनको 'गीता भेट्टिई' बालनाटकमा माधव, माया, गीता, प्रीति, बद्री, विक्रम बालपात्रका रूपमा उपस्थित रहेको देखिन्छ भने करुणा प्रौढपात्र रहेको पाइन्छ । दिउँसोको समय, रमाइलो बगैँचा परिवेशका रूपमा उपस्थित रहेको देखिन्छ। वनभोजमा गएका साथीहरू मिलिजुली खानपिन, घुमफिर गर्दै गर्दा गीता चिप्लिएको देखिन्छ। उनी अलिक तल पुगेर लहरामा अल्झिएको देखिन्छ। साथीहरू गीतालाई नदेखेर साथीहरू आत्तिएको देखेर धैर्य गर्न भन्दै माया र विक्रमले गीताको उद्धार गरेको देखिन्छ । साथीहरू अप्ठेरो पर्दा आत्तिएर हैन धैर्य र साहसी भएर काम गर्नुपर्छ भन्ने परिणाममा पुऱ्याउनु र यसै अनुरूपको प्राप्त निष्कर्षले बालचरित्रमा कर्तव्य चेतना अभिव्यक्त भएको देखिन्छ। विक्रमको सहयोगी भावना, आँट र कर्तव्य निष्ठा नाटकको अन्तर्वस्तुका रूपमा आएको छ ।

यसै गरी विकलको 'ऊ हाम्रो साथी हो' नाटकमा विक्रम, गीता, माया, माधव, प्रीति, बालकृष्ण सबै बालपात्र उपस्थित रहेको पाइन्छ। साँझपखको समय विक्रमको घर अगाडिको बगैंचा परिवेश देखिन्छ। एक ठाउँमा भेला भएका साथीहरूबिच संवाद चल्दै गर्दा बद्री र विक्रमबिच झगडा परेको देखिन्छ। बद्री साथीहरू छाडेर हिँड्दा केही पर पुग्दानपुग्दै अरू बदमास केटाहरूका फेला परेर कुटाइ खाएको देखिन्छ । यस्तो सूचना पाएपछि विक्रमहरू गएर बद्रीलाई मदत गरेको पाइन्छ। साथीहरू छाडेर हिँड्नु आफूले गल्ती गरेको, साथीहरू चिन्न नसकेकोमा बद्रीले पछुतो मानेको देखिन्छ। उनको आनीबानीमा परिवर्तन आएर साथीहरूसँग सधैँ मित्रवत व्यवहार गर्ने वाचा गरेको पाइन्छ। अप्ठेरोमा परेका अवस्थामा साथीलाई सघाउनुले विक्रमहरूमा मित्रको कर्तव्य चेतना प्रकट भएको देखिन्छ ।

## निष्कर्ष

रमेश विकल नेपाली साहित्यको आख्यान विधाका विशिष्ट प्रतिभा हुन् । उनले बालसाहित्यका कथा र नाटक विधामा उच्च योगदान गरेका छन् । समाजमा व्याप्त बालसमस्यालाई लिएर रचिएका नाटकमा बालपात्रहरू स्वयंको सक्रियता समाधान खोजिको छ । *'सात थुँगा', 'अब तिमी नरोऊ किरण'* र *'हराएको चिठी'* ३ ओटा बालनाटक सङ्ग्रहभित्र जम्मा १९ ओटा एकाङ्की सङ्कलित छन् । यी नाटकमा बालक छोराछोरी दुवैले समान अवसर पाउनुपर्ने विषयमा अभिभावकलाई इमानदार भइदिन सुझाएका छन्। उनका 'शम्भु दाइ निर्दोष छ', 'सिद्धार्थको करुणा', 'नदेखिने दान', 'राजा हिमवन्तको निसाफ' जस्ता नाटकमा करुण चेतनाको सशक्त प्रस्तुति पाइन्छ। 'देवदूतको मदत', 'अब तिमी नरोऊ किरण', 'माया दी ! मलाई पनि स्कुल लैजानोस् है !' यी नाटकमा समाजका सबै सदस्यको रुचि र अवस्था अनुकूल हुने गरी समतामुखी सन्देश सम्प्रेषण भएको छ । 'ऊ हाम्रो साथी हो', 'नदेखिने दान', 'आमा ! मेरी आमा', 'गीता भेट्टिई' नाटकहरूले बालमनमा उत्साह थपेका छन्। कर्तव्य चेतनाका लागि 'देवदूतको मदत', 'गीता भेट्टिई', उँ हाम्रो साथी हो', 'नदेखिने दान' जस्ता नाटक नमुना बनेर आएका छन् ।

रमेश विकल बालजीवन गतिशील ढङ्गले अघि बढाउन चाहने स्रष्टा हुन्। बालकले शिक्षा, स्वास्थ्य, मनोरञ्जनमा समान अवसर प्राप्त गरुन् । यसका लागि अभिभावक, समाज र राष्ट्र स्वयं जिम्मेवार बन्नुपर्ने

आग्रह गरेका छन् । नाटकहरू विषयप्रस्तुति, पात्रचयन, परिवेश संयोजन, संवाद छनोट, भाषाशैलीको प्रयोगका दृष्टिले बालमैत्री रहेका छन् । सरल घटनावस्तु, बालपात्रहरूको उपस्थिति, सहज पहुँच पुग्ने परिवेश, सरस भाषाशैलीले पनि विकलका नाटक बालकहरूका निम्ति अनुकूल छन् ।

## सन्दर्भसामग्री


अर्याल, मदनप्रसाद (२०६९,चौ.सं.). *नीति,* श्रीमती रमादेवी अर्याल, एभरेस्ट गीतानिकेतन ।

अवस्थी, महादेव (२०६५). *बालसाहित्यका विधा र तिनको लेखन प्रक्रिया,* एकता बुक्स ।

आचार्य, विष्णुगुप्त चाणक्य (अनु.तिलकप्रसाद लुइटेल, हेमराज अधिकारी). *चाणक्यनीति,* मञ्जरी पब्लिकेसन ।

आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत-हिन्दीकोश,* मोतीलाल बनारसीदास ।

के.ओड, डा.लक्ष्मीलाल (सन् २०१६,सत्रौँ सं.). *शिक्षा की दार्शनिक पृष्ठभूमि,* राजस्थान हिन्दी ग्रन्थ अकादमी ।

घिमिरे, ध्रुवकुमार (२०७४). *बालसाहित्यको विधागत सिद्धान्त र नेपाली बालसाहित्य,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०४०, सम्पा.). *नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पोद्दार, हनुमानप्रसाद (२०५२). *विदुर नीति* (महाभारत उद्योगपर्वसे) गीताप्रेस गोरखपुर ।

प्रसाद विश्वनाथ (सन् १९७३). *कला एवं साहित्य प्रवृत्ति और परंपरा,* विहार हिन्दी ग्रन्थ अकादमी सम्मेलन भवन ।

बराल, खगराज (२०७८). *दर्शन, शिक्षा र आचरण,* भुँडीपुराण प्रकाशन ।

भट्टराई, प्रभा (२०७४). *प्रज्ञा नेपाली बालनाटक,* नेपाल प्रज्ञाप्रतिष्ठान

विकल, रमेश (२०३७). *सात थुँगा,* साझा प्रकाशन, ।

विकल, रमेश (२०५९). *अब तिमी नरोऊ किरण,* साझा प्रकाशन ।

विकल, रमेश (२०६४). *हराएको चिठी,* विवेकसिर्जनशील प्रकाशन ।

शर्मा, नारायण (२०७५). *हितोपदेश,* रत्न पुस्तक भण्डार ।

शर्मा, महेश्वर (२०६४). *बालसूक्तिसङ्ग्रह,* साझा प्रकाशन ।


❑